# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

साविक नाम : साना किसान विकास बैंक लि.

(नेपाल राष्ट्र बैंकबाट 'घ' वर्गको इजाजतपत्र प्राप्त संस्था)

केन्द्रीय कार्यालय, सुविधानगर, तिनकुने, काठमाडौं, नेपाल


प.सं. :
च.नं. : 23

मिति : २०७५/०४/०६

श्री नेपाल सरकार,

कम्पनी रजिष्ट्रारको कार्यालय,

त्रिपुरेश्वर, काठमाडौं ।

**विषय: विशेष साधारणसभाको निर्णय पुस्तिका सम्बन्धमा ।**

महोदय,

यस कम्पनीको मिति २०७५।०३।२९ मा सम्पन्न विशेष साधारणसभाको काम कारवाही तथा निर्णय पुस्तिका (माइन्युट) यसै पत्रसाथ संलग्न गरि तहाँ पठाइएको व्यहोरा अनुरोध छ ।

भवदीय,

(फलेन्द्र भट्टराई)
कम्पनी सचिव

फलेन्द्र भट्टराई
कम्पनी सचिव

दर्ता नं. १०५६३५

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## विशेष साधारण सभाको काम कारबाही तथा निर्णय पुस्तिका (माइन्युट)

२९ असार, २०७५

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

केन्द्रीय कार्यालय, काठमाडौं ।

# साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.

## विशेष साधारण सभाको कामकारबाही तथा निर्णयपुस्तिका(माइन्युट)

### १. वैधानिक सभा

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि.को मिति २०७५ साल असार ३ गते आईतबार बसेको सञ्चालक समितिको ३१७ औं बैठकको निर्णय अनुसार कम्पनी ऐन, २०६३ र वित्तीय संस्था लि.का प्रवन्धपत्र र नियमावली बमोजिम वित्तीय संस्था लि.को विशेष साधारण सभा निम्न लिखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपरछलफल गर्ने निर्णय भएको थियो ।

१.१. सभाको मिति, स्थान र समय

सभा हुने मिति : २०७५/३/२९ गते (July 13, 2018), शुक्रबार

समय : ११:०० बजे

स्थान : नेपाल प्रशासनिक प्रशिक्षण प्रतिष्ठान, जावलाखेल, ललितपुर ।

१.२. छलफलका विषयहरु:

(क) **सामान्य प्रस्ताव** : यस वित्तीय संस्थाको समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचन गर्ने सम्वन्धमा ।

(ख) विविध ।

### २. सभाको सूचना

साधारण सभाको सूचना सम्बन्धमा कम्पनी ऐन २०६३ को दफा ६७ को उपदफा (२) मा भएको व्यवस्था बमोजिम साधारण सभा आयोजना हुनुभन्दा एक्काईस दिन अगावै शेयरधनीहरुलाई निजहरुले यस लघुवित्त संस्थालाई उपलब्ध गराएको ठेगानामा यस यस लघुवित्त संस्थाको केन्द्रीय र इलाका कार्यालय मार्फत सभा, मिति र छलफल गर्ने विषयहरु खोली सूचना पठाइएको थियो । साधारण सभा सम्वन्धी सूचना र कम्पनी ऐन, २०६३ दफा ८४ अनुसारका विवरण राष्ट्रिय स्तरको दैनिक पत्रिका सौर्य दैनिकमा मिति २०७५/०३/०५ गते र आर्थिक अभियान दैनिकमा मिति २०७५/०३/१४ गते प्रकाशन समेत गरिएको थियो । यस सम्बन्धी सूचना यस लघुवित्त वित्तीय संस्थाको वेभसाइटमा समेत राखिएको थियो ।

### ३. उपस्थिति

३.१. कम्पनी ऐन, २०६३ को दफा ६८ अनुरुप उपस्थित सञ्चालकहरु

| | |
|---|---|
| १. श्री खेम बहादुर पाठक | अध्यक्ष |
| २. श्री अरुण कुमार ढुङ्गाना | सञ्चालक |
| ३. श्री रविन्द्र यादव | सञ्चालक |
| ४. श्री उमेश लम्साल | सञ्चालक |
| ५. श्री भुपेश छत्कुली | सञ्चालक |

३.२. शेयरधनी (प्रतिनिधि)हरुको उपस्थिति

१. कृषि विकास बैंक लि., प्रतिनिधि श्री निर्मल प्रसाद उपाध्याय

२. नेपाल बैंक लि., प्रतिनिधि श्री शिवराम मिश्र

३. नबिल बैंक लि., प्रतिनिधि श्री ज्ञानेश्वर आचार्य

४. २३१ वटा साना किसान सहकारी संस्थाहरु मध्येबाट ७८ वटा संस्थाका प्रतिनिधिहरु उपस्थित भई हाजिर जनाउने ७८ जना

५. सर्वसाधारण शेयरधनीका तर्फबाट कुल शेयरधनीको प्रतिनिधिहरु उपस्थित भइ हाजिर जनाउने २०२ जना ।

३.३. अन्य पदाधिकारीको उपस्थिति

१. डा. शिवराम प्रसाद कोइराला, प्रमुख कार्यकारी अधिकृत

२. श्री झलेन्द्र भट्टराई कम्पनी सचिव

३. श्री पोषणराज लामिछाने कानुनी सल्लाहकार

४. श्री रुद्र भट्टराई, महाप्रबन्धक, नेपाल कृषि सहकारी केन्द्रीय संघ लि.

३.४. अन्य उपस्थिति/पर्यवेक्षक

१. अधिवक्ता श्री सुनिता के.सी.- प्रमुख निर्वाचन अधिकृत, सा. कि. वि. लघुवित्त संस्था लि.

**४. गणपूरक संख्या (कम्पनी ऐन, २०६३ को दफा ७३ अनुरुप)**

| विवरण | कुल शेयर धनी संख्या | कुल शेयर संख्या | उपस्थित शेयरधनी संख्या | कुल शेयरमध्ये प्रतिनिधित्व भएको शेयर संख्या | कुल शेयरको प्रतिनिधित्व प्रतिशत |
|---|---|---|---|---|---|
| कृषि विकास बैंक लि. | १ | १३८५२७०.९५ | १ | १३८५२७०.९५ | १००% |
| नेपाल बैंक लि. | १ | ७६३६० | १ | ७६३६० | १००% |
| नबिल बैंक लि. | १ | १९०९०१ | १ | १९०९०१ | १००% |
| सा.कि.सहकारी संस्था लि. हरु | २३१ | २७४४८०९.८५ | ७८ | २४४०८५६ | ८८.९२% |
| सर्वसाधारण शेयरधनीहरु | १३७९९ | १८९०९३७.५ | २०२ | २३२८३१ | १२.३१% |
| जम्मा | १४०३३ | ६२८८२७९.३ | २८३ | ४३२६२१८.९५ | ६८.८% |

**५. सभाको वैधानिकता र सभा सञ्चालन**

५.१. कम्पनी ऐन, २०६३ तथा लघुवित्त वित्तीय संस्थाको नियमावली बमोजिम यस सभा बोलाइएको र कम्पनी ऐनकोदफा ७३ को उपदफा (२) अनुसार साधारण सभाको गणपूरक संख्या बाँडफाँट भएको कुल शेयर संख्याको कम्तीमा ५० प्रतिशत भन्दा बढी शेयरधनीको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरुमध्ये कम्तीमा ३ जना शेयरधनीको उपस्थिति हुनुपर्ने प्रावधान बमोजिम लघुवित्त वित्तीय संस्थाको विशेष साधारण सभामा राखिएको शेयरधनीहरुको हाजिरी पुस्तिकामा हाजिरी जनाउने शेयरधनीको संख्या २८३ भएको र कुल शेयरको ६८.८ प्रतिशत प्रतिनिधित्व भएको हुँदा कम्पनी सचिवले साधारण सभाको गणपूरक संख्या पुगेको र प्रचलित कम्पनी कानून अनुसारसभा वैधानिक हुने जानकारी गराए पश्चात सभाले कम्पनी ऐन, २०६३ को दफा ६९ बमोजिम विशेष साधारण सभा औपचारिक रुपमा सञ्चालन गर्न मञ्जुर गरेको थियो ।

५.२. सभाको अध्यक्षता गर्नको लागि कम्पनी ऐन, २०६३ र यस लघुवित्त वित्तीय संस्थाको नियमावलीमा व्यवस्था भए बमोजिम कम्पनी सचिवले लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्षज्यूलाई अनुरोध गर्नुभएपछि लघुवित्त वित्तीय संस्थाका सञ्चालक समितिका अध्यक्ष श्री खेमबहादुर पाठकले सभापतिको आसन ग्रहण गर्नुभयो ।

५.३. साधारण सभामा उपस्थित शेयरधनीहरुलाई अध्यक्षको सहमतिबाट प्रमुख कार्यकारी अधिकृत डा. शिवराम प्रसाद कोइरालाले लघुवित्त वित्तीय संस्थाका गतिविधि तथा अहिलेसम्मको प्रगति स्थिति माथि प्रकाश पार्दै स्वागत मन्तव्य प्रस्तुत गर्नुभएको थियो ।

५.४. पूर्व निर्धारित छलफलका विषयहरु उपर छलफल तथा निर्णयार्थ सभा सञ्चालन गर्न सभाका अध्यक्षबाट अनुमती भए पश्चात साधारण सभाको कार्यक्रम प्रारम्भ भयो ।

६. **विशेष साधारण सभाको प्रस्तुती**

६.१. सभाका अध्यक्षज्यूले उपस्थित सबै शेयरधनी महानुभावहरुलाई अभिवादन गर्दै पूर्व निर्धारित छलफलको विषय सूची अनुसार विशेष साधारण सभाको आवश्यकताका विषयमा जानकारी गराउनु भयो ।

६.२. अध्यक्षको अनुमति लिएर कम्पनी सचिवले विशेष साधारण सभाको मुख्य प्रस्ताव नै "यस वित्तीय संस्थाको समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा" रहेको हुँदा उक्त निर्वाचन सम्बन्धमा भए गरेका कार्यहरुको सम्बन्धमा प्रमुख निर्वाचन अधिकृत श्री सुनिता के.सी.ले "निर्वाचन प्रतिवेदन" सभामा पेश गर्नु भयो ।

७. **सर्वसाधारण शेयरधनीका तर्फबाट सञ्चालक पदमा प्रतिनिधित्विका लागि भएको निर्वाचनका सम्बन्धमा प्रमुख निर्वाचन अधिकृतको प्रतिवेदन**

प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री सुनिता के.सी.बाट निर्वाचन सम्बन्धी सूचना, भए/गरेका निर्णय, उम्मेदावारी दर्ता, उम्मेदवार एवं मतदाता शेयरधनीको प्रथम तथा अन्तिम नामावली प्रकाशन आदि निर्वाचनका नियमानुसारका कृयाकलापका सम्बन्धमा र उम्मेदवारी दर्तादेखि निर्वाचन सम्बन्धी सबै प्रकृया पुरा गरेको अन्तिम अवस्थासम्म गोरखा जिल्ला ताक्लुङ निवासी शेयरधनी श्री उमेश लम्साल र धादिङ्ग जिल्ला, चैनपुर निवासी शेयरधनी श्री भुपेश छत्कुलीको मात्र उम्मेदवारी पर्न आएको । साथै दिएको समयभित्र अन्य शेयरधनीहरुबाट कुनै किसिमको दावि विरोध समेत पर्न नआएकोले जति रिक्त पद त्यत्तिनै उम्मेदवारी पर्न आएको देखिदा गोरखा जिल्ला ताक्लुङ निवासी शेयरधनी श्री उमेश लम्साल र धादिङ्ग जिल्ला, चैनपुर निवासी शेयरधनी श्री भुपेश छत्कुली, सर्वसाधारण शेयरधनीका तर्फबाट साना किसान विकास लघुवित्त वित्तीय संस्थाको सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने गरी सञ्चालक पदमा निर्विरोध निर्वाचित हुनुभएको घोषणा सहितको प्रतिवेदन पेश गर्नु भएको थियो ।

८. **छलफलमा शेयरधनीहरुबाट प्रस्तुत विचार, जिज्ञासा तथा सुझावहरु**

विशेष साधारण सभाको प्रस्ताव तथा प्रमुख निर्वाचन अधिकृतले पेश गर्नु भएको प्रतिवेदन उपर कुनै जिज्ञासा भएमा छलफलका लागि सभासमक्ष पेश गर्दा सभाले निर्वाचन परिणाम एवं निर्वाचन सम्बन्धी भए गरेका कार्यहरुको करतलध्वनीका साथ समर्थन गऱ्यो ।

९. **सभाको निर्णय**

विषय सूचीमा उल्लेखित प्रस्तावहरु सभाद्वारा पारित गर्नका लागि बैंकका कम्पनी सचिव श्री झलेन्द्र भट्टराईले प्रस्तुत गर्नु भएकोमा देहायका प्रस्तावहरुमा देहाय अनुसार गर्ने गरी सर्वसम्मत निर्णय भएको कुरा सभाका अध्यक्षले कम्पनी ऐन, २०६३ को दफा ७४ बमोजिम घोषणा गर्नुभयो :

(क) सामान्य प्रस्ताव

1. यस वित्तीय संस्थाको समूह-ख (सर्वसाधारण शेयरधनी समूह) को तर्फबाट प्रतिनिधित्व गर्ने २ जना सञ्चालक निर्वाचन गर्ने सम्बन्धमा ।

निर्णय

साना किसान विकास लघुवित्त वित्तीय संस्था लि. को सर्वसाधारण शेयरधनीका तर्फबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने २ (दुई) जना सञ्चालक पदको निर्वाचनका लागि यस वित्तीय संस्थाको "समूह- ख (सर्वसाधारण शेयरधनी समूह) का सञ्चालक निर्वाचन सम्बन्धी निर्देशिका, २०७५" को दफा ३ अनुसार नियुक्त हुनु भएका प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री सुनिता के.सी.बाट सभामा पेश भएको *निर्वाचनसम्बन्धी प्रतिवेदन* अनुरुप लघुवित्त वित्तीय संस्थाको नियमावलीको नियम ८(२) मा व्यवस्था भए अनुसार समूह-ख (सर्वसाधारण शेयरधनी समूह) मध्येबाट सञ्चालक समितिमा प्रतिनिधित्व गर्ने दुई (२) जना सञ्चालक पदमा गोरखा जिल्ला ताक्लुङ निवासी शेयरधनी श्री उमेश लम्साल -१(एक) र धादिङ्ग जिल्ला, चैनपुर निवासी शेयरधनी श्री भुपेश छत्कुली -१(एक) गरी जम्मा २ (दुई) जना उल्लिखित निर्वाचन निर्देशिकाको दफा १५ बमोजिम निर्विरोध निर्वाचित हुनुभएको

सम्बन्धमा छलफल पश्चात पारित गर्नका लागि निर्णयार्थ सभामा प्रस्तुत हुँदा उक्त प्रस्ताव सभामा उपस्थित शेयरधनीहरुबाट करतलध्वनीका साथ सर्वसम्मतिले पारित गरियो ।

**१०. सभा विसर्जन**

सभामा निर्विरोध निर्वाचित सञ्चालक द्वय श्री उमेश लम्साल तथा श्री भुपेश छत्कुलीलाई प्रमुख निर्वाचन अधिकृत अधिवक्ता श्री सुनिता के.सी.बाट सञ्चालक पदमा निर्वाचित भएको प्रमाण-पत्र वितरण गर्नुभयो ।

विशेष साधारण सभाको निर्णय पुस्तिकामा कम्पनी ऐन, २०६३ को दफा ७५ को उपदफा (१) मा भएको व्यवस्था बमोजिम अध्यक्ष र कम्पनी सचिवले प्रमाणित गर्ने व्यहोरा सभालाई जानकारी गराईयो ।

सभाको अन्त्यमा सम्पूर्ण शेयरधनी महानुभाव एवं सभामा प्रत्यक्ष परोक्षरुपमा सहयोग गर्नु हुने सबैमा सञ्चालक समितिका अध्यक्ष श्री खेम बहादुर पाठकले धन्यवाद ज्ञापन गर्दै शेयरधनी महानुभावहरुबाट भिषण वर्षा र बाढीपहिरोको पर्वाह नगरी यस वित्तीय संस्थाको विशेष साधारण सभालाई महत्व दिएर दुरदराजबाट सभामा प्रतिनिधित्व गर्न आउनु भएका शेयरधनी, शेयरधनी संस्थाका प्रतिनिधि तथा सम्पूर्ण उपस्थित महानुभावहरु प्रति आभार व्यक्त गर्नु भयो । साथै, छलफलमा सकारात्मक तथा सक्रिय रुपले सहभागी हुनु भएकोमा र सकारात्मक मार्गदर्शनका लागि सबैलाई धन्यवाद ज्ञापन गर्नु भयो । विशेष साधारण सभा सफलतापूर्वक सञ्चालन एवं सम्पन्न गर्न आफ्नो अमूल्य समय दिनुका साथै सभा सफलतापूर्वक सम्पन्न गर्नमा पुऱ्याउनु भएको सहयोग र सक्रिय सहभागिताको लागि प्रत्यक्ष वा परोक्षरुपमा सहयोग पुऱ्याउनु हुने सबैमा धन्यवाद ज्ञापन गर्दै सभा विसर्जन गर्नुभयो ।

| | |
|---|---|
| ............................ | ............................ |
| (झलेन्द्र भट्टराई) | **(खेम बहादुर पाठक)** |
| कम्पनी सचिव | अध्यक्ष |

**२९ असार, २०७५**